# माादी गाउँपालिका
# स्थानीय राजपत्र
## मादी गाउँपालिकाद्वारा प्रकाशित
खण्ड ७ संख्या ०४ असार १५ गते, २०८० साल


# भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ सभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०८० सालको ऐन नं. ४

## मादी गाउँपालिका  संस्था दर्ता ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति :२०८०/०३/१५

**प्रस्तावना-** मादी गाउँपालिका  स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारिरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाई लगायातका कार्य गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था

गर्न वाञ्छनीय भएकोले, मादी गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मादी गाउँपालिका संस्था दर्ता ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा मादी गाउँपालिको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) “कार्यसिमित” भन्नाले संस्थाको विधान बमोजिम गठन भएको कार्य समिति सम्झनु पर्दछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।



मादी गाउँपालिका, कास्की

(घ) "पालिका" भन्नाले मादी गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

(च) "प्रदेश" भन्नाले प्रदेशको आन्तरिक तथा कानुन मन्त्रालयलाई सम्झनुपर्दछ ।

(छ) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

(ज) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, वन वातावरण, खानेपानी र सरसफाइ लगायातका तथा परोपकारी कार्यहरुको विकास, विस्तार एवं प्रवर्धन गर्ने उदेश्यले स्थापना भएको राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर नाफामूलक संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र लगायत सम्झनु पर्दछ । र सो शब्दले मैत्री संघ वा संस्थाको रुपमा कार्य गर्ने संघ समेतलाई जनाउँछ ।

(झ) "संस्था दर्ता अधिकारी" भन्नाले मादी गाउँपालिका को कार्यक्षेत्र भएको संस्थाको हकमा प्रमुख प्रशासकीय

अधिकृत र एक भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनुपर्दछ ।

(ञ) "स्थानीय तह" भन्नाले मादी गाउँपालिका जनाउँछ ।

३. **संगिठत संस्था मानिने:** (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, शासित र संगठित संस्था हुनेछ र सो संस्थाको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न,र उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त भएको अचल सम्पति वा अनुदानबाट खरिद भएको अचल सम्पति सम्बन्धित तहको सरकारको अनुमति नलिई विक्री गर्न, भोगाधिकार दिन, धितो राख्न वा कुनै स्वामित्व परिवर्तन गर्नु हुदैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस गर्न सक्नेछ र सो उपर पनि सोही नाम बाट नालिस उजुरी लाग्नेछ ।

मादी गाउँपालिका, कास्की

(४) कुनैपनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्बन्धित रही कार्य गर्न सक्नेछ ।

(५) कुनैपनि संस्थाले आफ्नो कुल वजेटको मूल हिस्सा लक्षित वर्ग प्रति केन्द्रित गर्नु पर्दछ।

परिच्छेद-२

## संस्थाको दर्ता र नविकरण

४. **संस्था दर्ता गर्नुपर्ने:** (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुदैन ।

(२) यो ऐन लागू हुनुभन्दा पहिले सञ्चालनमा रहेको संस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

(३) अन्य प्रदेश वा पालिकामा दर्ता भएको कुनै संस्थाले यस गाउँपालिका मा कार्य विस्तार गर्न चाहेमा तोकिए वमोजिमको प्रक्रिया पूरा गरि शाखा खोल्न सक्नेछ । तर उपदफा(२) र (३) मा जुनसकै कुरा लेखिएको भएतापनि प्राकृतिक र गैर प्राकृतिक विपद्का घटनामा प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाले यस गाउँपालिका भित्र सहयोग गर्न चाहेमा सम्बन्धित



माद्धी गाउँपालिका, कास्की

संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृत लिएर काम गर्न सक्नेछन् ।

५. **संस्था दर्ता**: (१) कुनैपनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछ:-

(क) कम्तीमा एक तिहाई महिला हुनुपर्ने,
(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने,
(ग) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक पदमा महिला हनु पर्ने ।

(२) कम्तीमा सातजना व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,
(ख) उदेश्य, कार्यविवरण तथा कार्यक्षेत्र,
(ग) समितिका सदस्यको नाम, ठेगाना, सम्पर्क नम्बर, पेशा र नागरिकताको प्रतिलिपि,
(घ) आय श्रोत,
(ङ) संस्थाको कार्यालय रहने ठेगाना,
(च) अन्य आवश्यक विवरण ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता

गर्न उचित ठानेमा संस्था दर्ता गरी दतार्को प्रमाणपत्र दिनेछ ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुन: पेश गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको उजर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानिवन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिन पनर्छ ।

(७) यस दफा बमोजिमको निवेदन र प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हनेछ ।

मादी गाउँपालिका कास्की

६. **नवीकरण गर्नुपर्ने :** यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएकको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाइ नविकरण गर्नु पर्नेछ । नविकरण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हनुनेछ ।

७. **संस्थाको उदेश्यमा हेरफेर :** (१) कुनै संस्थाले आफ्नो संस्थाको उदेश्यमा हेरफेर गर्न आवश्ययक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) एउटै उदेश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संथाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिय बमोजिम हुनेछ

परिच्छेद–३

## संस्थाको सम्पति र लेखा

८. **संस्थाको सम्पति:** (१) कुनैपनि संस्थाले आफ्नो सम्पति सम्बन्धी विवरण दुरुस्त रुपमा राखि एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पति दुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्ने ।

(३) कुनै संस्था, संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले प्रचिलत कानून बमोजिम मुद्दाको कारबाही चलाउने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

९. **विवरण पठाउनु पर्ने:** कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तिन मिहनाभित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।



माद्दी गाउँपालिका, कास्की

१०. **चल अचल सम्पति विक्रि वितरण:** संस्थाको चल अचल सम्पति बिक्री वितरण गर्न अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **लेखा जाचँ :** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गराउन सक्नेछ ।

(२) लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) लेखा जाँच गर्ने अधिकारीले संस्था दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र लेखा जाँचको प्रतितवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको धारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल उपर गर्न कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

(४) संस्थाको वित्तिय विवरण दोहोरो लेखा प्रणाली र संघ सरकारको लेखा ढाँचामा राख्नु पर्दछ ।

(५) मादी गाउँपालिका को सार्वजनिक खरिद ऐनको प्रतिकुल हुने गरि संस्थाले आर्थिक कारोवार गर्ने गर्ने



मादी गाउँपालिका, कास्की

छैन

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियिमत साधारण सभा नगर्ने उपर संस्था दर्ता गर्ने सम्बन्धित दर्ता अधिकारी मार्फत मादी गाउँपालिका ले कारबाही गर्न सक्नेछ र पाचँ वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पति सम्बन्धित दर्ता अधिकारीले जफत गर्न सक्नेछ । तर प्रचिलत कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचिलत कानून बमोजिम मुद्दा चलाउन सिकनेछ ।

१२. **लेखा परिक्षण:** प्रत्येक वर्ष लेखा परिक्षण गाउँपालिका ले तोकेको रजिष्ट्रर लेखा परिक्षकबाट लेखा परिक्षण गर्नुपर्नेछ ।

## परिच्छेद–४

## दण्ड सजाय

१२. **दण्ड सजाय:** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो संस्थाको चल अचल सम्पति र कागजपत्र जफत गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पहिलो पटकको लागि २००० रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पाच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद–५

## विविध

**१३. निलम्बन र खारेजी:** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ:-

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे गराएकोमा ।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था



माद्दी गाउँपालिका, कास्की

खारेज गर्न सक्नेछ ।

(क) अनुमति नलिई अकर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उदेश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृत नलिई कार्यान्वयन गरेमा,

(ग) गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा

(घ) संस्थाको सम्पति हिनामिना गरेमा,

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा ।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नभन्दा पहिले त्यस्तो संस्थालाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ । (४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाई मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (२) को वमोजिमको निर्णय उपर चित्त नवुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

१४. **अनुगमन तथा मूल्याङ्कन**: (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) सम्बिन्धत विषयको एक जना विशेषज्ञ - सदस्य

(च) संघ संस्था हेर्ने शाखा प्रमुख, - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसकै कुरा लिखएको भएतापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्बन्धित निकायले नियमित निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्नेछैन ।

(३) उपदफा (१) बमोजिम समितिले आवश्यक देखेमा छानविन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाईएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखि पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी भन्दा पहिले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ ।

१५. **पुरस्कार सम्बन्धी व्यवस्था** : अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई मादी गाउँपालिकाले पुरस्कार दिन सक्नेछ ।

१६. **वैदेशिक सहयोग** : (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिन सक्नेछ । गाउँपालिका को सिफारिसमा प्रदेश सरकार र संघ सरकारको कार्यविधि वमोजिम संघिय कानुन वमोजिम हुने छ ।

(२) उपदफा (१) बमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको

वैदेशिक सहयोग जुन उदेश्यका लागि प्राप्त गरेको हो सोही उदेश्यका लागि मात्र खर्च गर्न पर्दछ ।

**१७. स्वीकृति लिनुपर्ने:** (१) यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भए अनुसारको रकमको काम गर्दा सम्बिन्धत स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले प्रदेश सरकारको स्वीकृती लिन पर्नेछ ।

(२) स्थानीय तहले स्वीकृती नदिएमा सो उपर आन्तिरक मामिला तथा कानून मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. संस्थाको विघटन वा खारेजी** : संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा मादी गाउँपालिका मा सर्नेछ ।

**१९. विवरण पेश गर्ने** : यस ऐन बमोजिम मादी गाउँपालिका मा दर्ता भएका संस्थाहरुको विधान सहितको विवरण चौमासिक रुपमा मादी गाउँफालिकामा पठाउनु पर्नेछ ।

२०. **निर्देशन दिने** : प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्न सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न मादी गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

मादी गाउँपालिका, कास्की

अनुसुची - १

मादी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कास्की

गण्डकी प्रदेश, नेपाल

संस्था दर्ताको प्रमाणप - पत्र

श्री ............................ दर्ता नं. -

...................................... दर्ता मातिः

मादी गाउँपालिका वडा नं. .......... मा स्थापित श्री................... नामक संस्थालाईज्ञ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम र मादी गाउँपालिका संस्था दर्ता ऐन २०८० को दफा ४ बमोजित २०.......... साल ................ महिना............ रोज ............. मा दर्ता गरी यो प्रमाण - पत्र दिइएको छ ।

प्रमाण - पत्र दिने अधिकारीकोः-

दस्तखतः-

नामः-

दर्जाः-

कार्यालयः- मादी गाउँपालिका , कास्की

मादी गाउँपालिका कास्की

## अनुसूची-२

(दफा १७ को उपदफा (१) सँग सम्बिन्धत)

## स्वीकृत लिनुपर्ने रकमको सीमा

| ब.स. | रकम सीमा | स्वीकृत लिनुपर्ने निकाय |
|---|---|---|
| १ | पचास लाख सम्म | सम्बिन्धत स्थानीय तह |
| २ | पचास लाख भन्दा माथि | प्रदेश सरकार |

**आज्ञाले**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

माढी गाँउपालिका, कास्की